**अनुसूची २**

**(दफा ४ तथा अनसूची १ को भाग १ सँग सम्बन्धित)**

**चौरजहारी नगरपालिका**

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| **खण्ड : ९** | **सङ्ख्या :९** | **मिति : २०८२/०५/३१** |

**भाग – २**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८२/०६/०२**

# चौरजहारी नगरपालिकाको सहिद परिवार परिचय पत्र वितरण कार्यविधि, २०८२

**प्रस्तावना:** चौरजहारी नगरपालिका क्षेत्रभित्रबाट सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद वा वेपत्ता परिवारहरूलाई लक्षित गरी चौरजहारी नगरपालिकाले निर्धारण गरेका सहुलियतपूर्ण कार्यक्रमलाई व्यवस्थित र पारदर्शी रुपमा सञ्चालन गर्न सहिद परिवार परिचयपत्र वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयो गरी चौरजहारी नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "चौरजहारी नगरपालिकाको सहिद परिवार परिचय पत्र वितरण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "जनआन्दोलन" भन्नाले सम्वत् २०६२/०६३ सालको जनआन्दोलन सम्झनु पर्छ।

(ख) "सशस्त्र संघर्ष" भन्नाले सम्वत् २०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म तत्कालिन राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

(ग) "परियच पत्र" भन्नाले सशस्त्र सङ्घर्ष, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका क्रममा भएका सहिद वा वेपत्ता पारिएका व्यक्तिको परिवारको हकवालालाई प्रदान गरिने परियच पत्र सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले वा सहिद वा बेपत्ता व्यक्तिको स्थायी ठेगाना भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ङ) "सहिद वा वेपत्ता व्यक्त" भन्नाले सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका क्रममा साहदत पाप्त (मृत्युवरण। गरेका वा वेपत्ता पारिएका व्यक्ति सम्झनु पर्छ।

(च) "हकवाला" भन्नाले सहिद वा वेपत्ता पारिएका व्यक्तिको पती वा पत्नी, निजको छोरा, अविवाहित छोरी र निजका आमा वा बाबु सम्झनु पर्छ ।

**परिच्छेद २**

**परिचय पत्र प्राप्त गर्ने प्रक्रिया**

३. **परिचय पत्र प्राप्त गर्नेः** चौरजहारी नगरपालिमा स्थायी बसोवास भई जनयुद्ध, जनआन्दोलन र ओन्दोलनका क्रममा सहिद वा बेपत्ता पारिएका व्यक्तिका परिवारका हकवाला पती वा पत्नी, छोरा, अविवाहित छोरी र निजका आमा वा बाबु मात्र यस कार्यविधि बमोजिमको परिचय पत्र प्राप्त गर्न सक्नेछन् ।

४. **सहिद वा बेपत्ता व्यक्तिको पहिचानः** यस कार्यविधि बमोजिम सहिद परिवार परिचय पत्र वितरण गर्ने प्रयोजनका लागि मन्त्रालयले नेपाल सरकार, गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट सहिद वा वेपत्ता भएका व्यक्तिको पती वा पत्नी, निजको छोरा, अविवाहित छोरी र निजका आमा वा बाबुले मात्र परिचय पत्र पाउनेछन् ।

५. **निवेदन दिनुपर्नेः** (१) नेपाल सरकार, गृह मन्त्रालयले विभिन्न समयमा नेपाल राजपत्रमा प्रकाशन गरेको सहिद तथा बेपत्ता नागरिकको विवरणलाई समेत यस कार्यविधि बमोजिम परिचय पत्र वितरण गर्ने कार्यको लागि नगरपालिका कार्यालयले आधार लिन सक्नेछ ।

(२) सहिद वा बेपत्ता भएका व्यक्तिको हकवालाले अनुसूची-१ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित कागजात सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ ।

(३) स्थानीय तहले गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयवाट उपलब्ध गराइएको विवरणमा नाम समावेश भएका सहिद वा वेपत्ता भएका व्यक्तिको हकवालालाई मात्र निवेदन दिन सक्नेछन् ।

(४) सहिद परिवार परिचय पत्र वितरण कार्यविधि, २०८२ बमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

६. **परिचय पत्र जारी गर्ने अधिकारी** : सहिद परिवार परिचय पत्र जारी गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत हुनेछ ।

७. **परिचय पत्र वितरणको जिम्मेवारी** : परिचय पत्र वितरणसँग सम्बन्धित कागजात र वितरणको व्यवस्था मिलाउने प्रमुख जिम्मेवारी महिला, बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख र उक्त उपशाखामा कार्यरत कर्मचारीहरूको हुनेछ ।

८. **सहिद परिवार परिचय पत्र वितरण समिति :** सशस्त्रयुद्ध र जनआन्दोलनका सहिद परिवारलाई सहिद परिवार परिचयपत्र उपलब्ध गराउन कुनै द्विविधा उत्पन्न भएमा आवश्य निर्णयका लागि एक सहिद परिवार परिचय पत्र प्रदान सहजीकरण समिति समिति हुनेछ ।

(क) नगर प्रमुख - संयोजक
(ख) नगर उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य
(छ) महिला, बालबालिका उप शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद ३
## विविध

९. **कार्वाही व्यवस्था :** यदि कुनै पनि व्यक्तिले आफ्नो विवरण ढाँटछल गरी तोकेको मापदण्ड विपरित सहिद परिचयपत्र प्राप्त गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सहिद परिवार परिचयपत्र रद्द गरिनेछ ।

१०. **प्रचलित कानुन लागु हुने :** जनयूद्ध र जनआन्दोलनका घाइते अपाङ्ग तथा शहीद परिवारलाई दिइने निर्वाह भत्ता कार्यक्रम कार्यान्वयनको सन्दर्भमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

११. **<u>कार्यविधि संसोधन तथा परिमार्जन :</u>** चौरजहारी नगरपालिका नगर कार्यपालिकाले जनयूद्ध र जनआन्दोलनका शहीद  परिवारलाई दिइने सहिद परिवार परिचयपत्र वितरण समितिको सिफारिसमा यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संसोधन गर्न सक्नेछ ।

१२. **<u>खारेजी तथा बचाउ :</u>** यस भन्दा अघि बनेका यस सम्बन्धीका कार्यविधि भए खारेज गरिएको छ र बाँकी भए गरेका काम कार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

अनुसूची १

## सहिद परिवार परिचय पत्र प्राप्तिका लागि दिइने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू मितिः

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

चौरजहारी रूकुम (पश्चिम)

**विषयः शहीद परिवार परिचय पत्र उपलब्ध गराई पाऊँ ।**

म निवेदक जनआन्दोलन/सशस्त्र संघर्ष/प्रदेश प्राप्तिको आन्दोलनको सहिद तथा वेपत्ता पारिएका व्यक्तिको परिवारको नजिकको हकवाला सदस्य भएको हुँदा सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालालाई " सहिद परिवार परिचय पत्र वितरण कार्यविधि, २०८२" बमोजिमको शहीद परिचय पत्र उपलब्ध गराई दिनहुन देहायका कागजात संलग्न राखि यो निवेदन पेश गरेको/गरेकी छु।

**संलग्न कागजात**

१. हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. हकवालाको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,

३ हकवालाको फोटो २ प्रति,

४. शहीद / वेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद तथा बेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा वेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपि,

**निवेदकको**

दस्तखतः.............

नाम थरः.................................

ठेगानाः...................................

शहीदको नामः...............................

शहीद सँगको नाता...........

सम्पर्क न .......................

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम भाग )

**शहीद परिवार परिचय पत्रको नमूना**

फोटो

नाम, थर........................................................

ठेगानाः जिल्ला...................... न.पाः.............................

वडा नं................. टोल/गाउँ ................

उमेर................. .लिङ्ग ........................

शहीदको नाम : ...................................................................

शहीदसँगको नाता :...................................

सम्पर्क नं.................

प्रमाणित गर्ने अधिकृतको

दस्तखतः

नाम, थरः

पदः

मिति :-

कार्यालय छाप ;

यदि कुनै महानुभावले यो परिचय पत्र फेला पार्नु भएमा चौरजहारी नगरपालिकाको कार्यालय वा नजिकैको प्रहरी चौकीमा बुझाईदिनु हुन अनुरोध छ ।

अनुसूची - ३

**सहिद परिवार परिचय पत्र प्राप्तिका लागि कार्यालयमा राखिने अभिलेखको ढाँचा**

| |
|---|
| सहिद परिवारको पासपोर्ट साइजको फोटो |

क्रम संख्या :

दर्ता मिति :

१. सहिद  परिवारको नाम, थर :

२. ठेगाना (स्थायी)  प्रदेश:  स्थानीय तह: :  वडा :

ठेगाना (अस्थाई)  प्रदेश:  स्थानीय तह: :  वडा :

३. लिङ्ग :

५. बाबुआमा वा संरक्षकको नामथर  :

६. ठेगाना (स्थायी)  प्रदेश:  स्थानीय तह: :  वडा :

७. ठेगाना (स्थायी)  प्रदेश:  स्थानीय तह: :  वडा :

८. शहीदको नाम : ............................................................

९. शहीदसँगको नाता :...................................

१०. उपलब्ध छुट तथा सुविधाहरु :

११. सम्पर्क नं..................

**प्रमाणित गर्ने अधिकृतको**

दस्तखतः

नाम, थरः

पदः

मिति :

कार्यालय छाप :

**आज्ञाले,**

**शेरप्रसाद ढकाल**

**नि.प्रमुख प्रशासकीय अधिकृत**